# परिचय

*जगन्नाथ अधिकारी*

नागरिकलाई सूचित, सचेत, शिक्षित, र खबरदारी गर्नु मिडियाको मुख्य कर्तव्य/दायित्व हो । त्यसैले सार्वजनिक चासोको विषयमा बहस चलाउन, जनमानसमा धारणा/दृष्टिकोण बनाउन र समाजका अनेकखाले समस्याहरूमा ध्यानाकर्षण गराउन मिडियाको सशक्त भूमिका हुन्छ । मिडियाको यही भूमिकाका कारण प्रजातान्त्रिक व्यवस्थामा यसमाथि कुनै हस्तक्षेप नगरी स्वतन्त्र रूपमा काम गर्न दिइनेमात्र होइन प्रोत्साहनसमेत दिइन्छ । नेपालमा पनि २०४६ सालको जनआन्दोलनपश्चात् प्राप्त खुला वातावरण र २०४७ को संविधानले प्रत्याभूत गरेको वाक् तथा प्रकाशन स्वतन्त्रता जस्ता कारणले मिडियाको प्रशस्त विकास र विस्तार भएको छ । यसरी विकास भएको मिडियाले आफूलाई सुम्पिएको दायित्व निर्वाह गरिहेको छ-छैन; छ भने उसको प्रभावकारिता, पर्फर्मेन्स कस्तो छ भनेर अनुगमन गरिनुपर्छ । र, गरिरहेको पनि पाइन्छ कतिपय व्यक्ति, संस्थाले ।

मिडियाको प्रस्तुति, विषयवस्तुको चयन, सामग्रीको गुणस्तरबारे एक वा अर्को तवरले प्रतिक्रियाहरु (सम्मति/असन्तुष्टि) व्यक्त गरिरहिएको हुन्छ– व्यक्तिगत कुराकानीमार्फत, चिठी-पत्रमार्फत, प्रक्रियाबद्ध अनुसन्धानमार्फत । यस्ता प्रतिक्रियाहरु मिडियालाई दिग्भ्रमित हुन नदिन सहायक हुन्छन् । र, केही हदसम्म उसले पक्डन पर्ने गोरेटो पनि सुझाउँछन् । अन्यत्रजस्तो हामी-कहाँ 'मिडिया स्टडिज' छुट्टै विधाको रुपमा शुरुआत भैनसके पनि प्रक्रियाबद्ध अध्ययन, अनुसन्धानहरु फाट्टफुट्ट भैरहेकै छन् ।

विगत ४-५ वर्षदेखि मिडियाको क्षेत्रमा काम गर्दै आएको मार्टिन चौतारी/ सामाजिक विकास अनुसन्धान केन्द्रले मिडिया अनुसन्धानमा आफूलाई सक्रिय तुल्याउँदै आएको छ । अघिल्लो वर्ष विभिन्न इश्युहरुमा मिडियाका विषय-वस्तुलाई, प्रस्तुतिलाई केलाएर *मिडियाको अन्तर्वस्तुः विविध विश्लेषण* प्रकाशन गरेको थियो । मिडिया-सामग्रीहरुको प्रक्रियाबद्ध अध्ययन र टिप्पणी गर्ने परम्पराकै पुनरावृत्ति हो प्रस्तुत पुस्तक *मिडियाको चिरफारः केही सामाजिक सन्दर्भ* जसमा केही सामाजिक सवालहरुलाई अध्ययनको विषयवस्तु बनाइएको छ । ती सामाजिक सवाल हुन्– वातावरणीय न्याय, गरिबी, एचआइभी/एड्स र महिला जीवनवृत्ति ।

विषम छ समाज । समाजभित्र धनी-गरिब, तँ-म, उचनीच, जातपात, छ । त्यसैले अन्याय छ, शोषण छ; पीडक छन्, पीडित पनि छन् । भेदभाव छ । खाडल छ । यी खाईहरु, यी विभेदहरु मेटिनु पर्छ, कम गरिनु पर्छ भन्नेमा मतैक्य छ । तर, झनै बढ्दै छ दूरी, हुने र नहुनेबीच । यिनै असमानताहरुले जन्म दिएका छन् यावत सामाजिक समस्याहरु । मिडियाले यी सामाजिक सवालहरुलाई कसरी हेरिरहेको छ, कसरी आफूलाई प्रस्तुत गरिरहेको छ भनेर खोतलेर हेर्ने प्रयास हो यो पुस्तक ।

पुस्तकमा समावेश गरिएका विषय वा सवालहरू एक अर्काको कारक र असरका रूपमा देखिए पनि 'गरिबी'लाई नै अरू समस्याहरूको मुख्य कारकको रूपमा हेर्न सकिन्छ । अहिले वातावरणीय न्यायसम्बन्धी समस्याहरू मुख्यतः गरिबीले गर्दा नै उब्जिरहेका छन् ।[1] गरिब समूह (परिवार, क्षेत्र, देश)हरू नै वातावरणीय अन्यायको चपेटामा परेका छन् । गरिबीसँगै जोडिएर आउने वा गरिबीको कारणले सृजना हुने ज्ञान र शक्तिको अभावले नै वातावरणीय अन्यायको सृजना हुन्छ । वातावरणीय अन्यायको कारण गरिब समूहहरूको जीवनस्तर गिर्दै जान्छ जसले जीविकोपार्जनका अन्य पक्षहरू जस्तै स्वास्थ्य, शिक्षा, शारीरिक शक्ति झन् क्षीण बनाउँछ । गरिबी र वातावरणीय अन्यायले गर्दा नै मानिसहरू आफ्नो ठाउँ छाडेर जाने प्रवृत्ति बढ्दैछ । यस्तो स्थानान्तरण स्थायी तथा अस्थायी दुवै हुन्छ । नेपालमा पनि गरिब परिवारहरू रोजगारी र जीविकोपार्जनका लागि घर-परिवार छाडेर देशमै वा विदेशमा गएर काम गर्ने प्रवृत्ति व्यापक छ । यसरी बाहिर गएर बस्ने क्रममा एचआइभी/एड्सको सङ्क्रमण बढेको देखिएको छ । नेपालको मध्यपश्चिम र सुदूरपश्चिम क्षेत्र–जहाँ गरिबी अरू क्षेत्रमा भन्दा व्याप्त छ–बाट विदेशमा (मुख्यगरी भारतमा) काम गर्न जाने चलन व्यापक छ । यही क्षेत्रमा एचआइभी सङ्क्रमणको स्थिति पनि चर्को देखिएको छ ।

नेपालका लगभग सबै क्षेत्र र अझ विशेषगरी मध्यमाञ्चलको पहाडी क्षेत्रबाट महिलाहरु बेचिने प्रवृत्ति पनि ऐतिहासिक समयदेखिको सामाजिक अन्याय र गरिबीकै परिणाम हो जसले एचआइभी/एड्स बढाएको छ । शिक्षा अनि सचेतताको अभावले यो समस्या फैलिनुमा थप सहयोग गरेको छ । गरिबी र यससँग जोडिएको वातावरणीय अन्याय–जसअन्तर्गत सार्वजनिक स्वास्थ्यमा भेदभाव पनि पर्दछ–ले गर्दा सामाजिक/राजनीतिक द्वन्द्वलाई बढावा दिने तर्क अगाडि आएको छ र यसैअनुसार माओवादी समस्या नेपालको सुदूर र मध्यपश्चिममा बढेको प्रकृयालाई विश्लेषण गर्ने प्रयास पनि बौद्धिक क्षेत्रमा

---

[1] वातावरणीय न्याय भन्नाले समाजका विभिन्न तह/समूहहरूले आफूले वातावरण प्रदूषण गर्नमा योगदान गरेअनुसार वातावरणीय प्रदूषणको बोझ बेहोर्ने प्रणालीलाई जनाउँछ । साधारणतयाः प्रदूषण शक्तिशाली र धनी वर्गले गर्ने र यसको बोझ गरिब, असहाय समुदायलाई थुपार्ने गरेको देखिएको छ ।

देखापरेको छ । गरिबी, वातावरणीय अन्याय र एचआइभीको सङ्क्रमणले मुख्यतः महिलाहरू नै पीडित हुन्छन् । यी 'पीडित महिलाहरू' परम्परागत रूपमा पुरुषले लिइरहेका रोजगारीका क्षेत्रमा पनि सामेल हुन बाध्य हुन्छन् । बाध्यताले देखाएको सो बाटो पछि महिलाहरूका लागि रोजगारीको नयाँ क्षेत्रको रूपमा देखापर्छ । ड्राइभिङ (मुख्यतः रिक्सा र टेम्पो) अहिले महिला संलग्न भएको रोजगारीको क्षेत्र भएको छ । यो पुस्तकको एउटा लेख सोही व्यवसायसँग सम्बन्धित छ ।

माथि उल्लिखित समस्याहरू, विशेषतः गरिबी र एचआइभी/एड्स, अन्तर-राष्ट्रिय र राष्ट्रिय विकासे संस्थाहरूको प्राथमिकतामा परेका क्षेत्र हुन् । गरिबी निवारण त नेपालको सबैभन्दा बढी महत्व पाएको र पञ्चवर्षीय योजनाहरू (खासगरी नवौं र दशौं योजना)मा प्राथमिकता पाएको क्षेत्र हो । यसको वाबजुद नेपालमा गरिबी निवारण गर्न नसकिएको भन्ने स्वीकारोक्ति विकाससँग सम्बन्धित सरकारी निकायहरूको पनि छ । त्यस्तैप्रकारले एचआइभी/एड्सको समस्या, वातावरणीय न्यायको समस्या र महिलासम्बन्धी समस्याहरू पनि बढ्दै गएका छन् ।

नेपालमा प्रजातन्त्रको पुनर्स्थापनासँगै विकास भएको मिडियाको स्वतन्त्रता र विस्तारको समयमा विश्वव्यापीकरणको प्रकृया पनि द्रुतगतिमा बढेको छ । विश्वव्यापीकरणलाई व्यापक बनाउनमा सञ्चार क्षेत्रको भूमिका पनि महत्वपूर्ण छ । विश्वव्यापीकरणका असरहरू मुख्य रूपमा विश्व अर्थतन्त्रको एकीकरण र बहुराष्ट्रिय कम्पनीहरूको विश्व अर्थतन्त्रमा नियन्त्रण; सांस्कृतिक अतिक्रमण र एकीकरण; पश्चिमी सभ्यता र आधुनिकीकरण तथा यीसँगै आएको उपभोक्तावाद लाई विभिन्न सञ्चारका साधनमार्फत नेपाललगायत विकासशील देशहरूलाई आत्मसात गर्न लगाइएको छ । यसबाट गरिबी तथा यससँग सम्बन्धित अन्य समस्याहरूमा झन् ठूलो बोझ थपिएको छ । यसले गर्दा नेपालको मिडियालाई थप चुनौती छ– विदेशी मिडियालाई कसरी विश्लेषण गर्ने र त्यसका खराब असर हटाउने अनि सँगसँगै आन्तरिक समस्याबारेको बहसलाई कसरी बढावा र निरन्तरता दिने ताकि ती समस्या समाधान गर्नमा सहयोग पुगोस् । तर गरिबीसम्बन्धी छापा-सामग्री बहस चलाउन सक्ने गरी आएका छैनन् भन्छ भास्कर गौतमको लेखले । यो लेखले छापामा आउने गरिबीसम्बन्धी सामग्री सेमिनार, सभा, योजना र सरकारी तथ्याङ्क र रिपोर्टमै रुमलिएका छन् भन्ने देखाउँछ । अनि प्रष्टयाउँछ, ती सामग्री घटनापरस्त र काठमाडौं-केन्द्रित छन् भन्ने ।

नेपालमा गरिबी निवारणसम्बन्धी सरकारी कार्यक्रमहरू किन लक्षित उद्देश्य प्राप्त गर्न सक्दैनन् ? किन राजनीतिक पार्टीको शासनको मूल्याङ्कन गरिबी निवारणमा ल्याएको प्रगतिअनुसार गरिँदैन ? किन गरिबी निवारण-सम्बन्धी बजेटको दुरुपयोग हुन्छ ? आदि ज्वलन्त सवालहरु हुन् । यी सवाल

सरकारको जिम्मेवारीपन र उत्तरदायित्वसँग सम्बन्धित छन् । अहिले सरकारलाई दातृ राष्ट्र र संस्थाहरूको दबाबमा गरिबी निवारण रणनीति कार्यपत्र बनाउनै पर्ने बाध्यता छ । यो कार्यपत्र नागरिक समाजको व्यापक सहभागितामा बनाइनुपर्ने हो । तर यस्तो कार्यपत्रबारे (जुन दशौं योजनाको आधार पनि हो) पत्र-पत्रिकामा कुनै विवेचना भएको देखिँदैन । यो आधारपत्रमा माथि उल्लिखित सवालहरू समावेश गरी तिनलाई कार्यान्वयन गर्न रणनीति बनाउनुपर्ने हो ।

गरिबी र गरिबी निवारण विकासे संसारको एउटा ठूलो क्षेत्र मानिन्छ । गरिबीका विभिन्न पक्ष र यसलाई निवारण गर्ने विभिन्न तरिका/रणनीतिहरू छन् । यसकारण गरिबीको परिभाषा गर्न कठिनाइ छ र यसका सम्पूर्ण पक्षहरूलाई समेट्न गाह्रो हुन्छ । यही वास्तविकतालाई बुझेर विकासे संसारमा हाल 'जीविकोपार्जन सुरक्षा' शब्द बढी प्रचलित छ । 'जीविकोपार्जन' भन्नाले कुनै परिवार/समूहको मानव-सृजित (जस्तै बजारको असफलता) वा प्राकृतिक प्रकोपबाट बच्न सक्ने क्षमताको साथै (सामाजिक/आर्थिक/ राजनीतिक/भौतिक/मानवीय) सम्पत्तिहरूलाई जोगाइराख्ने वा बढाउनसक्ने क्षमतालाई जनाउँछ । यसकारण गरिबी निवारण भन्नाले गरिबहरूको आर्थिक सुधार मात्रै नभई उनीहरूको सामाजिक र राजनीतिक क्षमता बढाउनुको साथै उनीहरूको मानवीय क्षमता (जस्तै शिक्षा, स्वास्थ्य आदि) पनि बढाउनु पर्दछ । गरिबीको विश्लेषण गर्न पनि यी पक्षहरूलाई छुट्ट्याएर, मिडियाले कुन पक्षमा बढी ध्यान दिएको छ र कुन पक्षलाई छुटाएको छ भन्ने किटानी गर्न सजिलो पर्थ्योहोला । तर गौतमको लेखमा यो समेटिएको छैन । 'गरिबी'को क्षेत्र विस्तृत भएकाले यस्तो विश्लेषण सम्भव नभएको हुनसक्छ । तैपनि, गौतमको विश्लेषणले अझ विस्तृत अध्ययनको पूर्वाधार भने तयार गरेको छ ।

गरिबीको विश्लेषण निरपेक्ष र सापेक्ष रूपमा गरिनु पर्दछ । साधारणतया गरिबीको विश्लेषण निरपेक्ष रूपमा गरिन्छ । सापेक्ष रूपमा गरिबीको विश्लेषण गर्दा समाज वा राष्ट्रमा रहेको स्रोत, साधनको बाँडफाँड, खानेपानी, खाद्यान्न, स्वच्छ वातावरण, शिक्षा तथा स्वास्थ्य सेवाको पहुँचमा रहेको विभेदको पनि लेखाजोखा हुन्छ । यस्तो विश्लेषणबाट गरिबीका कारणहरू किटानीसाथ भन्न सजिलो पर्दछ । गौतमको लेखमा यस सन्दर्भलाई हेरिएको छैन ।

मिडियाले गरिबी निवारणमा सकारात्मक भूमिका निर्वाह गर्छ तर कतिपय अवस्थामा यसले नकारात्मक भूमिका पनि खेल्न सक्छ । खेलेको पनि छ । साधारणतया विज्ञापन तथा झुठो समाचार वा रिपोर्टिङबाट गरिबी बढाउनमा र उनीहरूको विभिन्न क्षमता नष्ट गर्नमा मिडियाले सहयोगीको भूमिका खेलेको छ । कति हदसम्म नेपाली छापा मिडियाले गरिबी (वा जीविको-पार्जनको असुरक्षा) बढाउनमा सहयोग गरेको छ र उनीहरूको राजनीतिक/ सामाजिक क्षमता ह्रास गर्न सहयोग गरेको छ भन्नेबारे पनि विश्लेषण हुनु जरुरी छ ।

यस पुस्तकमा समावेश अर्को लेखमा छापामा आएका एचआइभी/एड्ससम्बन्धी सामग्रीको विश्लेषण गरिएको छ । यो लेखमा ऐतिहासिक गहिराइ छ– अबना वन्तले सन् १९८३ देखि सन् १९९८ सम्मको *गोरखापत्र* र *राइजिङ नेपाल*को अध्ययन गर्नुभएको छ । त्यसबाहेक, अन्य ब्रोडशिट स्थापना भएयता सन् १९९८ सम्मका सामग्री पनि अध्ययनमा परेका छन् । यो लेखबाट छापाले एचआइभी/एड्सलाई कसरी प्रस्तुत गरेका छन्; रिपोर्टिङ/लेखमा भएको कमी-कमजोरीहरू के-के हुन् भन्ने कुरा प्रष्ट पारिएको छ । छापामा यो समस्यालाई मुख्यतः शहरी समस्याको रुपमा हेरिएको छ भन्ने तथ्य यो अध्ययनले देखाउँछ । यसबाहेक, नेपालमा धेरै रिपोर्टिङ भएको चेलीबेटी बेच-बिखन र यसबाट हुने एचआइभी/एड्सको समस्याबारे छापामा आएका विषयहरूलाई यथोचित विश्लेषण गरिएको छ । लेखमा भनिएको छः "रोजगारी खोज्दै विदेशिएका लाखौं नेपाली पुरुषबाट पनि महिलाहरुमा एचआइभी/एड्सको सङ्क्रमण भएको छ तर छापामा एड्स सार्नमा बेचिएका चेलीबेटीलाई नै प्रायः दोष दिने गरिन्छ ।"

वन्तको अध्ययनमा परेका ठूलो समयावधिका सामग्रीको विश्लेषण धेरै कोणहरुबाट गरेर महत्वपूर्ण निष्कर्षहरू निकाल्न सकिन्थ्यो । उदाहरणका लागि समयक्रममा छापाको रिपोर्टिङ वा विश्लेषणमा कस्तो परिवर्तन आएको छ ? पञ्चायत कालको रिपोर्टिङ वा कभरेजमा अहिलेको भन्दा के फरक थियो ? सरकारी र निजी छापाको रिपोर्टिङ/विश्लेषणमा के फरक छ ? (यस्तो विश्लेषण अरू लेखमा पनि छैन जसले गर्दा विभिन्न पत्रिका अध्ययनमा संलग्न गर्नुको औचित्य प्रष्ट हुँदैन) आदि महत्वपूर्ण प्रश्नहरूको जवाफ पाउन सकिन्थ्यो । यो मौका यही अध्ययनलाई मात्र थियो किनकि अरु लेखहरूमा छोटो अवधिका पत्रिकाहरु मात्र विश्लेषणका लागि उपयोग गरिएको छ । तर यस्तो मौका हुँदाहुँदै पनि लेखमा यस्ता विश्लेषणहरू गरिएका छैनन् । धेरै ठाउँमा कुन पत्रिकाबाट कुन समाचार/रिपोर्टिङ लिएको हो र कहिलेको हो भन्ने उल्लेख नगरिएकाले विश्लेषण एउटै पत्रिकामा प्रकाशित समाचार/लेखको आधारमा हो या धेरै, भेद पाउन मुश्किल हुन्छ । केही ठाउँमा मात्र पहिला र अहिले भनी तुलना गरिएको छ ।

रमेश पराजुलीले महिला जीवनवृत्तिबारे छापाको प्रस्तुति केलाउने क्रममा टेम्पो चालक महिलासम्बन्धी छापा-सामग्रीको विश्लेषण गर्नुभएको छ । उहाँको अध्ययनले नेपाली छापाले साधारणतया स-साना देखिने सामाजिक/आर्थिक कृयाकलापजस्तै चालक महिलाबारे पनि ठाउँ दिएको देखाएको छ (मुख्यतः रोमाञ्चक प्रयोजनको हिसाबले वा अनौठो देखाउन) । विभिन्न आदिवासी र लोपोन्मुख परिवार र उनीहरूको जीवनचर्याको बारेमा पनि यस्तोखाले रिपोर्टिङ गरिएको पाइन्छ । सामाजिक परिवर्तनलाई सकारात्मक रुपमा लिंदालिंदै पनि ती परिवर्तनपछाडि हुने विभिन्न संस्थागत प्रयासहरुलाई देख्न नसक्नु छापाको

कमजोरी हो भन्ने पराजुलीको ठहर छ । लेखक पुरुष या महिला हुँदा त्यसले विशेषतः महिलासम्बन्धी सामग्रीको 'कन्टेन्ट'मा फरक पार्नेतर्फ लेखले इङ्गित गरेको छ ।

यस पुस्तकमा समाविष्ट अन्य दुई लेखहरू छापा र वातावरणीय न्यायसँग सम्बन्धित छन् । शरद घिमिरेले काठमाडौं (केन्द्र)बाट प्रकाशित छापाहरूको र शेखर पराजुलीले मोफसल (पोखरा)का पत्रिकाहरुको अध्ययन गर्नुभएको छ । वातावरणका विभिन्न क्षेत्रहरू मिडियाले समेटे पनि यी वातावरणीय समस्याहरू तथा सुधारहरूमा सामाजिक न्यायको स्थितिको बारेमा तिनको राम्रो दृष्टिकोण नपुगेको दुवै लेखले देखाएका छन् । यी दुवै लेखका साझा निष्कर्ष हुन्: वातावरणीय समस्या भोगेका समुदायको जीविकोपार्जनको समस्या कसरी बढेको एवं चुनौतीपूर्ण भएको छ भन्ने विश्लेषण छापामा पाइन्न । वातावरणीय न्याय अधिकारमुखी अवधारणा भएकोले "स्वच्छ वातावरणमा बाँच्न पाउने" हकको हनन् कसरी र कहाँ भइरहेको छ र यसको समाधान कसरी गर्न सकिन्छ भन्नेबारे छापाको ध्यान जानुपर्छ, जुन गइरहेको छैन । २०४७ सालको संविधानलाई प्रयोग गरेर कतिपय वातावरणसम्बन्धी मुद्दाहरू सार्वजनिक चासोको मुद्दाको रूपमा अदालतमा पुगेका छन् । केही त्यस्ता मुद्दामा अदालतले सकारात्मक निर्णय गरे पनि सरकारले ती निर्णय लागू गरेको छैन । यससम्बन्धी जनचासो र दबाब बढाउन र छलफल विस्तार गर्न मिडियाले ठूलो भूमिका खेल्न सक्थ्यो । तर मिडियामा यस्ता विषय त्यति समेटिएका छैनन् र समेटिएका विषयलाई पनि निरन्तरता दिएको देखिँदैन । यो समस्या विशेषतः मोफसलका पत्रिकामा देखिन्छ किनकि त्यहाँ वातावरण बिट हेर्ने छुट्टै पत्रकारहरू हुँदैनन् । धेरै समाचार/लेख केवल सभा/सेमिनार/भाषणमा नै भर पर्छन् तर केन्द्रका केही समाचार/रिपोर्टिङहरू खोजमूलक पनि भेटिन्छन् । यी दुवै लेखले देखाएको अर्को साझा तथ्य हो– समाचारहरू शहर-केन्द्रित छन् ।

यस पुस्तकमा सङ्कलित छापामा आएका जीविकोपार्जनलाई असर पार्ने विभिन्न सामाजिक विषयवस्तुहरूको विश्लेषणबाट दुई मुख्य तथ्यहरू देखापर्छन् ।

- सङ्ख्यात्मक हिसाबले छापाले यी विषयवस्तुलाई यथोचित स्थान दिएको छ ।
- गुणात्मक हिसाबले यी विषयवस्तुहरूमा महत्वपूर्ण पक्षलाई गहिराइमा पुगेर विश्लेषण गरिएको छैन । खोजीनिती गर्ने र महत्वको विषयलाई निरन्तरता दिने प्रवृत्ति एकदमै कम छ । धेरै रिपोर्टिङ घटनामुखी छन् । यस्ता समाचार/रिपोर्टिङहरूले नीति-नियम बनाउन, छलफललाई ठोस रूपमा अगाडि बढाउन तथा जनसमुदायलाई आफ्नो विचार वा धारणा बनाउन सहयोग पुग्दैन ।

यस पुस्तकमा भएको विश्लेषणको आधारमा देखिएका माथिका दुई मुख्य निष्कर्षमध्ये दोस्रो निष्कर्षलाई ध्यान दिँदा छापामा आएका समाचार/रिपोर्टिङ/लेखलाई गुणात्मक बनाउनु आवश्यक देखिन्छ । विषयवस्तुसम्बन्धी महत्वपूर्ण पक्षहरू पत्ता लगाउन, यससम्बन्धी चलिरहेका अवधारणाहरू र तिनीहरूका सकारात्मक/नकारात्मक पक्षसँग जानकारी राख्न, नागरिक समाज/सरकारको उत्तरदायित्व बढाउने उपायहरू जान्न र प्रभाव मूल्याङ्कन गर्न पत्रकार र विषयसँग सम्बन्धित जानकार अनुसन्धाताहरुबीच अन्तरक्रिया, छलफल र सह-कार्यको आवश्यकता छ । यसले छापामा आउने रिपोर्टिङहरूको गुणवत्तामा वृद्धि हुन्छ र मिडियाले 'वाचडग' भूमिका निर्वाह गर्न सबल र सक्षम हुनेछ ।